# पदपूर्ति समिति
# कमलामाई नगरपालिका, सिन्धुली
# सूचना प्रकाशित मिति २०७३/१०/२१

यस नगरपालिकामा रिक्त देहाय बमोजिमका पदहरुमा देहाय बमोजिम पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले कार्यक्षमताको मूल्याङ्कन तर्फ ३० (तिस) दिन भित्र र खुल्ला र आन्तरिक प्रतिष्पर्धातर्फ २१ (एक्काइस) र दोब्बर दस्तुर तिरी ७ (सात) दिन भित्र दरखास्त आव्हान गरिएको छ ।

| सूचना नं. | रिक्त पदको विवरण | पदपूर्तिको किसिम | पद संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ३/०७३/०७४ | कार्यालय सहायक, सहायकस्तर पाँचौं (अप्रा.) | कार्य क्षमताको मूल्याङ्कन | १ (एक) | रु. ४००। (चार सय) | |
| ४/०७३/०७४ | लेखापाल, सहायकस्तर पाँचौं (अप्रा.) | कार्य क्षमताको मूल्याङ्कन | १ (एक) | रु. ४००। (चार सय) | |
| ५/०७३/०७४ | आन्तरिक लेखा परिक्षक, सहायकस्तर पाँचौं (अप्रा.) | कार्य क्षमताको मूल्याङ्कन | १ (एक) | रु. ४००। (चार सय) | |
| ६/०७३/०७४ | कार्यालय सहायक, सहायकस्तर चौथो (अप्रा.) | आन्तरिक प्रतियोगिता | १ (एक) | रु. ३००। (तिन सय) | |
| ७/०७३/०७४ | कार्यालय सहायक, सहायकस्तर चौथो (अप्रा.) | खुला अन्तर्गत महिला | १ (एक) | रु. ३००। (तिन सय) | |

- सम्पर्क मिति दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट
- विस्तृत जानकारीको लागी कार्यालय समय भित्र कमलामाई नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**१. आवश्यक न्यूनतम योग्यता (सूचना नं. ७/०७३/०७४ को लागी) :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण ।

**२. परीक्षाको किसिम :-** लिखित, कम्प्युटर सीप परीक्षण (सूचना नं. ७/०७३/०७४ को लागी मात्र) र अन्तर्वार्ता ।

**३. परीक्षा केन्द्र :-** कार्यालयबाट पछि निर्धारण गरेअनुसार हुनेछ ।

**४. उम्मेदवारको उमेर हद :-** दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । तर महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ । बहालवाला कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन ।

**५. दरखास्त दिने अन्तिम मिति :-** खुल्ला तथा आन्तरिक प्रतिष्पर्धा तर्फ २०७३/११/१२ र दोब्बर दस्तुर २०७३/११/१९ सम्म ।
कार्यक्षमता मूल्याङ्कन तर्फ २०७३/११/२२ सम्म ।

**६. दरखास्त दस्तुर :-** सूचना नं. ३/०७३/०७४, ४/०७३/०७४ र ५/०७३/०७४ को लागी रु. ४००।- (चार सय)
सूचना नं. ६/०७३/०७४ र ७/०७३/०७४ को लागी रु. ३००।-

**७. दरखास्त दस्तुर बुझाउने स्थान :-** कमलामाई नगरपालिका कार्यालय, सिन्धुली ।

**८. अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति :-** अन्तर्वार्ता हुनुपूर्व हुने कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।

**९. तलब :-** प्रचलित स्केल बमोजिम ।

**१०. अन्य :-**

क) दरखास्त दिने अन्तिम मिति सम्ममा स्थानिय स्वायत्त शासन नियमावली, २०५६ अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) स्थानिय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(घ) तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन समिति वाध्य हुने छैन ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता तथा समावेशी तर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(छ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ । तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता

पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(ज) परीक्षार्थीले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(झ) पाठ्यक्रम आयोगको Website: kamalamaimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(ञ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र ऐच्छिक विषय सम्बन्धी विवरण Online फाराम भर्ने क्रममा हेर्न सकिने छ ।

(ट) लिखित परीक्षा र अन्तिम परीक्षा (सीप परीक्षण, सामूहिक छलफल र अन्तर्वार्ता) को कूल योगको आधारमा अन्तिम परीक्षाफल प्रकाशन गरिनेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**